# NEB - GRADE XII

## ऐच्छिक नेपाली
## नमुना प्रश्नपत्र (२०७७)

विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्ने छ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

पूर्णाङ्कः- ४०

समय : १ घण्टा ३० मिनेट

### समूह 'क'

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस्: १×१०=१०

१. 'साहित्यसुधा' कवितामा कविले साहित्यसम्बन्धी कस्तो दृष्टिकोण प्रस्तुत गरेका छन् ? कविताका आधारमा स्पष्ट पार्नुहोस् ।

२. सप्रसङ्ग व्याख्या गर्नु होस् :

मानिससँगमा मानिसको यो
अन्तर्दिलको रोदन
भाइहरूसँग भिक्षाको यो
मुठी दयाको याचन !

### समूह 'ख'

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : १×१०=१०

३. 'आँसु' खण्डकाव्यको शीर्षकीय सार्थकता पुष्टि गर्नुहोस् ।

४. 'म कसरी हार्छु' एकाङ्कीको मुख्य विषयवस्तुबारे चर्चा गर्नुहोस् ।

### समूह 'ग'

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : १×१०=१०

५. 'फिउज गएको इज्जत' एकाङ्कीका मीरा र अलौचीको चरित्र चित्रण गर्नुहोस् ।

६. भीमनिधि तिवारीका नाटकमा पाइने विशेषताहरूलाई 'माटाको माया' नाटकका आधारमा प्रस्तुत गर्नुहोस् ।

### समूह 'घ'

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : १×१०=१०

७. नेपाली साहित्यको प्राथमिक कालको चिनारी गराउनुहोस् ।

८. माध्यमिककालीन नेपाली साहित्यको विकासमा मोतिराम भट्टको योगदानको उल्लेख गर्नुहोस् ।